# राष्ट्रिय सूचना आयोगद्वारा प्रथम तीन बर्ष (२०७३ माघ-२०७४ पुष) मा

# सम्पादित प्रमुख कार्यहरूको विवरण




## राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

राष्ट्रिय सूचना आयोगद्वारा प्रथम तीन बर्ष (२०७३ माघ-२०७४ पुष) मा

# सम्पादित प्रमुख कार्यहरूको विवरण

राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| प्रकाशक | : | राष्ट्रिय सूचना आयोग<br>काठमाडौं, नेपाल । |
| फोन नं | : | ०१-४४६४४१२<br>०१-४४९६५४४ |
| हेल्प लाईन | : | ०१-४४९६५४१ |
| फ्याक्स | : | ०१-४४९६५४५ |
| ईमेल | : | info@nic.gov.np |
| वेबसाईट | : | www.nic.gov.np |
| प्रकाशन मिति | : | २०७४ पुस मसान्त |
| प्रति | : | १००० |

# राष्ट्रिय सूचना आयोग



कृष्णहरि बाँस्कोटा
प्रमुख सूचना आयुक्त



किरणकुमार पोखरेल
सूचना आयुक्त



यशोदादेवी तिम्सिना
सूचना आयुक्त



शंकर प्रसाद पाठक
सचिव

# आयोगको भनाई

- राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्तमा श्री कृष्णहरि बास्कोटा र सूचना आयुक्तमा श्री किरणकुमार पोखरेल तथा श्री यशोदादेवी तिम्सिना नियुक्त भै निजहरूले २०७१ पुष ३० गते कार्यभार सम्हालेपछि पहिलो ३ महिना, पहिलो ६ महिना, पहिलो एक बर्ष र पहिलो दुई बर्षमा सम्पादित प्रमुख कार्यप्रगति यसपूर्व नै सार्वजनिक भैसकेका छन् ।
- प्रस्तुत पुस्तिकामा आयोगका पदाधिकारीहरूले कार्यभार सम्हालेको पहिलो तीन बर्षमा आयोगबाट सम्पादित प्रमुख कार्यप्रगति विवरण समेटिएका छन् ।
- यसर्थ प्रस्तुत पुस्तिकाले आयोगले नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका पक्षमा गरेका कार्यको जानकारी प्रदान गर्ने आयोगको अपेक्षा छ

**राष्ट्रिय सूचना आयोग**

# राष्ट्रिय सूचना आयोगद्वारा प्रथम तीन बर्ष (२०७३ माघ-२०७४ पुष) मा सम्पादित प्रमुख कार्यहरूको विवरण

## १. आयोगको आदेश र बैठक :

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बास्कोटा र सूचना आयुक्त श्री किरणकुमार पोखरेल तथा श्री यशोदादेवी तिम्सिनाद्वारा २०७१ पुष ३० गतेदेखि २०७४ पुष मसान्तसम्ममा विभिन्न किसिमका ३५१२ ओटा आदेश जारी भएका छन् । साथै, यस अबधिमा १२२ ओटा आयोगका बैठक बसी विभिन्न महत्वपूर्ण बिषयमा निर्णय भएका छन् ।

## २. आयोगबाट जारी भएका महत्वपूर्ण आदेशहरू :

राष्ट्रिय सूचना आयोगबाट २०७१ पुष ३० गतेदेखि २०७१ पुष मसान्तसम्मको अबधिमा जारी भएका केही महत्वपूर्ण आदेशहरू निम्नानुसार छन् :

२.१ नेपाल सरकारका सबै मन्त्रालय र केन्द्रीयस्तरका निकायका सचिवहरूको नाममा तीन/तीन महिनामा स्वतः प्रकाशन गर्न, सूचना अधिकारी तोक्न र कति सूचना माग भयो तथा कति सूचना प्रवाह भयो भनी छुट्टै अभिलेख राख्नू भन्ने तीन बुँदे आदेश जारी भएको । यस्तो आदेश निर्वाचन आयोगमा दर्ता भएका १८० ओटा राजनैतिक दल, नेपाल राष्ट्र बैंकका गभर्नर र २३७ ओटा बैंक तथा वित्तिय संस्था, बीमा समिति अध्यक्ष र २७ ओटा बीमा कम्पनी, ६२ ओटा सार्वजनिक संस्थान, समाज कल्याण परिषद् र २५७ ओटा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाको नाममा समेत जारी भएको ।

२.२ नेपाल सरकारका सबै (१९ वटा) केन्द्रीयस्तरका तालीम केन्द्रको नाममा तालीमको पाठ्यक्रममा सूचनाको हक समावेश गर्नू भन्ने आदेश जारी भएको ।

२.३ सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीको नाममा जिल्लास्तरीय कार्यालयहरूको नागरिक बडापत्र संकलन गरी सोको संगालो प्रकाशित गरी गाउँ तहसम्म वितरण गर्नू भन्ने आदेश जारी भएको ।

२.४ नेपाल र भारतबीच सम्पन्न पञ्चेश्वर बहुउद्देश्यीय विकास प्राधिकरणको विधान सूचना मागकर्तालाई उपलब्ध गराउनू भन्ने आदेश जारी भएको ।

२.५ लगानी बोर्ड र जिएमआरबीच भएको अपर कर्णाली जल विद्युत आयोजनाको पिडिए संझौता सूचना मागकर्तालाई उपलब्ध गराउनू भन्ने आदेश जारी भएको ।

२.६ निर्वाचन आयोगमा दल दर्ता गर्न पेश भएको दश हजार मतदाताको समर्थनयुक्त हस्ताक्षरसम्बन्धी सूचना मागकर्तालाई उपलब्ध गराउनू भन्ने आदेश जारी भएको ।

२.७ लोक सेवा आयोग, शिक्षक सेवा आयोग, पुरातत्व विभाग, नेपाल बैंक लिमिटेड र नेपाल चार्टर्ड एकाउन्टेण्ट संस्थालाई प्रतियोगितात्मक परीक्षाको प्राप्ताङ्क उपलब्ध गराउनू भनी छुट्टा छुट्टै आदेश जारी भएको ।

२.८ सबै स्थानीय निकायको बार्षिक बजेट र कार्यक्रम सार्वजनिक गर्नू गराउनू भनी सबै जिल्लाका स्थानीय विकास अधिकारीको नाममा आदेश जारी भएको ।

२.९ नेपाल र चीनबीच हजाई जहाज खरिद र अनुदान संझौता सम्बन्धी सूचना मागकर्तालाई उपलब्ध गराउनू भनी आदेश जारी भएको ।

२.१० सूचना दिन अटेरी गर्ने (तत्कालीन) वीरगञ्ज उपमहानगरपालिकाका कार्यकारी अधिकृत र सूचना अधिकारी तथा पन्नादेवी कन्या उ. मा. वि. का प्रधानाध्यापकलाई क्रमशः रु १०/१० हजार तथा रु ५ हजार जरिवाना गर्ने गरी आदेश जारी गरेको ।

२.११ सबै स्थानीय तहमा तीन/तीन महिने विवरण सार्वजनिक गर्नू, सूचना अधिकारी तोक्नू, कति ओटा सूचना माग भयो र प्रवाह भयो अभिलेख राख्नू, विद्युतीय अभिलेख पद्दति आरम्भ गर्नू र कानून तथा नीति निर्माण गर्दा नागरिकको सूचनाको हकको सुनिश्चितता गर्नू भनी पाँच बुँदे आदेश जारी भएको ।

## ३. नेपाल सरकारलाई सुझाव दिएको :

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ बमोजिम राष्ट्रिय सूचना आयोगले नेपाल सरकार समक्ष विभिन्न सुझाव प्रस्तुत गरेको छ। ती सुझावमध्ये प्रमुख निम्नानुसार छन् :-

३.१ नेपालको संविधानको धारा २७ मा स्तरोन्नति गर्ने तथा सूचनाको हकसम्बन्धी ऐन नियममा समसामयिक संशोधन गर्ने ।

३.२ नेपालमा खुल्ला सरकारी तथ्याङ्कको अबधारणा लागू गर्न राष्ट्रिय कार्ययोजना जारी गर्ने ।

३.३ भूकम्पबाट प्रभावितको उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणको कार्यमा पारदर्शिता अपनाउने ।

३.४ सूचना अधिकारीलाई उत्प्रेरित गर्ने सुबिधा सहितको प्याकेज घोषणा गर्ने ।

३.५ राष्ट्रिय सूचना आयोगको सबै जिल्लामा सम्पर्क विन्दू खडा गर्ने ।

## ४. बार्षिक प्रतिवेदन प्रस्तुती :

यस अबधिमा आयोगबाट निम्न तीन आर्थिक बर्षका बार्षिक प्रतिवेदन तयार गरी सम्माननीय प्रधानमन्त्री मार्फत व्यवस्थापिका संसदमा पेश गरिएका छन् :

४.१ आ. ब. २०७०/७१ को बार्षिक प्रतिवेदन ।

४.२ आ. ब. २०७१/७२ को बार्षिक प्रतिवेदन ।

४.३ आ. ब. २०७२/७३ को बार्षिक प्रतिवेदन ।

## ५. स्कूलको पाठ्यक्रममा सूचनाको हक समावेश :

भाबी पुस्तालाई खुल्ला कार्य संस्कृतिमा काम गर्ने वातावरण निर्माण गर्न आयोगको पहलमा कक्षा ९ को पाठ्यक्रममा सूचनाको हक बिषय समावेश भैसकेको छ। यसैगरी कक्षा ६, ७ र ११ को पाठ्यक्रममा यो बिषय समावेश गरी पाठ्यपुस्तक मुद्रण हुने क्रममा रहेको छ । साथै कक्षा ८ को ऐच्छिक बिषयकारुपमा सूचनाको हकको पुस्तक तयार भएको छ। यस अतिरिक्त शिक्षकहरूका लागि सूचनाको हकको मार्ग निर्देशिका पुस्तक पनि तयार भै मुद्रणको क्रममा रहेको छ।

## ६. जिल्लास्तरीय अभिमुखिकरण कार्यक्रम र सार्वजनिक प्रतिबद्धता :

राष्ट्रिय सूचना आयोगद्वारा मुलुकका प्रायः सबै जिल्लामा कम्तिमा एक पटक सूचनाको हकसम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन भैसकेको छ । यस्तो कार्यक्रममा सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि, सञ्चारकर्मी, सूचनाको हकका अभियान्ता, नागरिक समाजका अगुवा र सर्वसाधारण नागरिकको सहभागिता हुने गरेको छ। स्थानीय निर्वाचन सम्पन्न भएपछिका पछिल्ला कार्यक्रमहरूमा स्थानीय तहका प्रमुख/उपप्रमुख/सदस्यहरूलाई पनि सहभागी गराउने गरिएको छ । साथै यस्ता कार्यक्रममा सात बुँदे लिखित प्रतिबद्धता समेत जारी गर्ने परम्पराको थालनी भएको छ। यस्तो प्रतिबद्धता पत्र निम्नानुसार छन् :

६.१ सूचनाको हकसम्बन्धी ऐनको दफा ४ बमोजिम सूचनाको हकको सम्मान र संरक्षणमा प्रतिबद्ध हुनेछौं ।

६.२ सूचनाको हकसम्बन्धी ऐनको दफा ५ र ऐ. नियमावलीको ३ बमोजिम आ-आफ्नो कार्यालयबाट सम्पादित कामको विवरण प्रत्येक ३/३ महिना व्यतित भएको १५ दिनभित्र आ-आफ्नो कार्यालय परिसरभित्र सर्वसाधारणको जानकारीका लागि नियमित रुपमा प्रकाशित गर्नेछौं ।

६.३ सूचनाको हकसम्बन्धी ऐनको दफा ६ र ऐ. नियमावलीको २४क बमोजिम सूचना अधिकारी तोकी निजको नाम, फोटो र सम्पर्क नम्बर सहितको फ्लेक्स बोर्ड आ-

आफ्नो कार्यालय परिसरमा सार्वजनिक गर्नेछौं । साथै यस्तो सूचना अधिकारीको एकीकृत विवरण पनि मुख्य मुख्य कार्यालयमा राखिनेछ ।

६.४ सूचनाको हकसम्बन्धी ऐनको दफा ७ बमोजिम नागरिकबाट माग हुने सूचना कानूनले निर्दिष्ट गरेको समय सीमाभित्रै उपलब्ध गराउन प्रतिबद्ध छौं ।

६.५ सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम प्रत्येक कार्यालयले सूचना माग सम्बन्धी निवेदनको छुट्टै दर्ता किताब र फाईल खडा गरी सूचना माग भएको र प्रवाह भएको विवरण अद्यावधिक गर्नेछौं ।

६.६ प्रत्येक महिना कार्यालय प्रमुखको बैठक बस्ने अघिल्लो दिन नियमित रुपमा सूचना अधिकारीको बैठक प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बस्नेछौं । साथै प्रत्येक ३/३ महिना व्यतित भएको १५ गतेका दिन प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा सूचना अधिकारीहरूको सामूहिक पत्रकार भेटघाट कार्यक्रमको आयोजना गर्नेछौं ।

६.७ सूचना लिने दिने संस्कृतिको विकास गरी पारदर्शिता, जवाफदेहिता र सुशासन कायम गर्न पूर्ण प्रतिबद्ध छौं ।

## ७. नेपाल सरकारका सचिव र महानिर्देकसँग अन्तरक्रिया :

राष्ट्रिय सूचना आयोगले पटक पटक नेपाल सरकारका सचिव र विभागका महानिर्देशकहरूसँग सूचनाको हकको प्रभावकारी प्रचलनका लागि अन्तरक्रिया गरेको छ । यस्तो अन्तरक्रियामा मूलतः निम्न बिषयमा नेपाल सरकारका उच्च पदाधिकारीहरूले कार्यान्वयनको प्रतिबद्धता व्यक्त गर्ने गरेका छन् :

७.१ नागरिकको संवैधानिक अधिकारको सम्मान गर्ने छौं ।

७.२ सूचनामा नागरिकको पहुँच सुनिश्चित गर्ने छौं ।

७.३ यथासिघ्र सूचनाको बर्गीकरण गर्ने छौं ।

७.४ कम्तिमा बीस बर्षसम्मका सूचना अद्यावधिक गर्ने छौं ।

७.५ तीन तीन महिनामा नियमित ढंगले स्वतः प्रकाशन गर्ने छौं ।

७.६ आफ्ना कर्मचारीलाई सूचनाको हकसम्बन्धी तालीम दिने छौं ।

७.७ सरकारी काम कारबाही खुल्ला र पारदर्शि गर्ने छौं ।

७.८ विभिन्न सञ्चार माध्यम र भाषामा आफ्ना काम कारबाही सार्वजनिक गर्ने छौं ।

७.९ सूचना अधिकारी तोक्ने छौं ।

७.१० सूचना मागकर्ता नागरिकसँग विनयशीलतापूर्वक व्यवहार गर्ने छौं ।

७.११ कानूनले तोकेको समय सीमाभित्र सूचना दिने छौँ ।

७.१२ कार्यालय प्रमुखसमक्ष उजुरी परेमा तुरुन्तै सूचना दिने छौँ ।

७.१३ राष्ट्रिय सूचना आयोगबाट जारी भएका आदेशको पालना गर्ने छौँ ।

७.१४ सूचना प्रवाहमा लागत बमोजिम दस्तुर लिने छौँ ।

७.१५ कानून बमोजिम सूचनाको संरक्षण गर्ने छौँ ।

७.१६ सूचनादाताको संरक्षण गर्ने छौँ ।

७.१७ कानून बमोजिम सूचनाको दुरुपयोग रोक्ने छौँ ।

७.१८ कुनै सूचना मागकर्ता वा सूचनादातालाई हानी नोक्सानी पुगेमा क्षतिपूर्ति दिने छौँ ।

७.१९ व्यक्तिगत सूचनाको अनधिकृत प्रकाशन हुन नदिने र सम्बन्धित व्यक्तिबाट माग भए उपलब्ध गराउने छौँ ।

७.२० आफ्नो निकायलाई सूचना प्रवाहका दृष्टिकोणले उत्कृष्ट निकाय तुल्याउन निरन्तर प्रयासरत रहने छौँ ।

## ८. विभिन्न व्यवसायिक र पेशागत समूहसँग अन्तरक्रिया :

राष्ट्रिय सूचना आयोगले माग पक्ष र आपूर्ति पक्ष दुवैसँग समय समयमा छुट्टा छुट्टै र सामूहिकरुपमा सूचनाको हकको प्रभावकारी प्रचलनका लागि अन्तरक्रिया गर्दै आएको छ । केही महत्वपूर्ण अन्तरक्रिया निम्नानुसार रहेका छन् :

८.१ नेपाल पत्रकार महासंघको केन्द्रीय कार्य समितिसँग सहकार्य गर्ने र मुलुकभरीका सञ्चारकर्मीले यस बिषयलाई उच्च महत्व दिने बिषयमा अन्तरक्रिया भएको छ ।

८.२ पत्रपत्रिका, रेडियो, टिभी, अनलाईन लगायतका सम्पादकहरू र वरिष्ठ सञ्चारकर्मीसँग सामूहिक र छुट्टा छुट्टैरुपमा धेरैपटक अन्तरक्रिया भएको छ । साथै यस्तो अन्तरक्रिया नियमितरुपमा लेख्ने स्तम्भकारहरूसँग पनि भएको छ ।

८.३ सूचनाको हकका क्षेत्रमा क्रियाशील सञ्चारकर्मीका लागि समय समयमा सूचनाको हकको प्रशिक्षक प्रशिक्षणको आयोजना गरिएको छ ।

८.४ नेपाल उद्योग वाणिज्य महासंघसँग सूचनाको हकको बिशेष अन्तरक्रिया भएको छ ।

८.५ नेपाल बार एशोसियशनसँग बिशेष अन्तरक्रिया भएको छ ।

८.६ राजनैतिक दलका प्रमुख र प्रतिनिधिसँग सूचनाको हकको बिशेष अन्तरक्रिया भएको छ ।

८.७ नेपाल इन्जिनियरिङ्ग एशोसियशनसँग पनि सूचनाको हकको अन्तरक्रिया भएको छ ।

८.८ नेपाल चिकित्सक संघसँग पनि सूचनाको हकको प्रभावकारी प्रचलन गर्ने गराउने

सन्दर्भमा अन्तरक्रिया भएको छ ।

८.९ कानून, न्याय र सरकारी वकिल सेवाका उच्च पदस्थ कर्मचारीहरूसँग सूचनाको हकको कानूनी प्रावधानका सम्बन्धमा बिशेष अन्तरक्रिया सम्पन्न भएको छ ।

८.१० नेपालमा क्रियाशील हवाई सेवा सञ्चालन गर्ने कम्पनीका प्रमुख र प्रतिनिधिसँग बिशेष अन्तरक्रिया भएको छ ।

८.११ नेपाल पञ्चाङ्ग निर्णायक समितिसँग छलफल गरिएको छ ।

**९. रेडियो, टिभी र पत्रपत्रिकाबाट संदेशमूलक जानकारी प्रवाह :**

सार्वभौमसत्ता सम्पन्न नागरिकको सूचनाको हकको सबैले सम्मान गर्न र स्वयं नागरिकहरू पनि आफ्ना अधिकारप्रति अग्रसर हुन भनी विविध प्रकारका संदेशमूलक सामाग्री तयार गरी रेडियो र टिभीबाट प्रशारण भैरहेको छ भने पत्र/पत्रिकामा पनि प्रकाशित भैरहेको छ । यस्को सकारात्मक प्रभावस्वरुप सूचना माग्ने र पाउने प्रवृत्तिमा उल्लेख्य सुधार आएको छ ।

**१०. RTI Audit सम्पन्न भएको :**

नेपाल सरकारका सबै ३१ ओटा मन्त्रालय र तिनको सम्पर्क र मातहतमा रहेका केन्द्रीयस्तरका निकायमा सूचनाको हकको कार्यान्वयनको स्थिति पहिचान गर्न (Right to Information Audit) विज्ञबाट अडिट गरिएको छ। यस्तो अडिट आ. ब. २०७२/७३ र २०७३/७४ मा सम्पन्न भएको छ । पछिल्लो आर्थिक बर्षमा सम्पन्न अडिटका सूचकाङ्क निम्नानुसार रहेका छन् :

१०.१ सूचना अधिकारी तोकिएका छन्/छैनन् ।

१०.२ तीन तीन महिनामा स्वतः प्रकाशन भैरहेको छ/छैन ।

१०.३ सूचना माग र प्रवाहको छुट्टै रजिष्टर/अभिलेख/फाईल खडा गरिएको छ/छैन ।

१०.४ सूचना अधिकारी वा सूचना शाखा/महाशाखाले मन्त्रालय र मातहत सूचनाको हकका क्षेत्रमा भैरहेका गतिविधिलाई एकीकृत गर्न निर्देशन गर्ने तथा मन्त्रालय र मातहतमा परेका सूचना माग र प्रवाहको तथ्याङ्क राख्ने गरे/नगरेको ।

१०.५ सूचना अधिकारीको बोर्ड राखे /नराखेको, सूचना शाखा/महाशाखाको पहिचान हुने व्यवस्था गरे/नगरेको तथा सूचनाको हक झल्किने कुनै संदेशमूलक होर्डिङ्ग बोर्ड टाँसे/नटाँसेको ।

१०.६ मन्त्रालयको वेव साईटमा सूचना अधिकारीको विवरण र स्वतः प्रकाशन राखे/नराखेको ।

१०.७ मन्त्रालयको वेव साईट दुरुस्त भए/नभएको, प्रेश विज्ञप्ति राखे/नराखेको तथा नागरिकलाई आवश्यक पर्ने सूचना प्रवाह गरे/नगरेको ।

१०.८ सूचना प्रवाहमा मन्त्रालय अग्रसर भए/नभएको, नियमित मिट द प्रेस गरे/नगरेको, सूचना पाटी व्यवस्थित भए/नभएको, उजुरी पेटिका भए/नभएको तथा गुनासो व्यवस्थापन गरे/नगरेको ।

१०.९ स्वतः अग्रसर भै सूचनाको हकसम्बन्धी तालीम, अन्तरक्रिया, छलफल गरे/नगरेको तथा गर्न चासो राखे /नराखेको र प्रतिबद्ध भए/नभएको ।

१०.१०सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ । जस अनुसार सूचनाको हकको सम्मान गर्नुपर्ने, सूचनाको बर्गीकरण गर्नुपर्ने, विभिन्न राष्ट्रिय भाषामा आफ्ना सामाग्री प्रचार प्रसार गर्नुपर्ने, आम सञ्चार माध्यमको उपयोग गर्नुपर्ने बिषयमा कियाशील भए/नभएको ।

## ११. प्रादेशिकस्तरमा अनुगमन गरेको :

वर्तमान संविधानअनुसार सात वटा प्रदेशका एक/एक जिल्लाको छनौट गरी सूचनाको हकको प्रचलनको स्थिति बुझ्न स्वयंः प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूद्वारा नेतृत्व गरिएको बिशेष संयन्त्रद्वारा स्थलगत निरीक्षण गरिएको छ । यस्तो निरीक्षणको कममा देखिएका कमी-कमजोरी सच्याउन निर्देश गरिएको छ ।

यसैगरी आयोगबाट विकास क्षेत्रका आधारमा सूचनाको हकको अन्तकिया गर्ने कार्य पनि भएको छ । निकट भविष्यमा प्रदेशस्तरमा स्थानीय तहमा निर्वाचित प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृतसँग सूचनाको हकको बिशेष अन्तरक्रिया गर्ने कार्यकम निर्धारण गरिएको छ ।

## १२. विभिन्न दिवसको आयोजना :

राष्ट्रिय सूचना आयोगद्वारा नियमितरुपमा निम्नानुसार ३ ओटा दिवसहरू भव्यताकासाथ मनाउँदै आईरहेको छ :

१२.१ भदौ ३ गते सूचनाको हकसम्बनधी ऐन लागू भएको दिनलाई विविध कार्यकमसहित सूचना दिवसकोरुपमा मनाई आएको ।

१२.२ बैशाख २२ गतेका दिनलाई आयोग स्थापना दिवसकोरुपमा प्रभातफेरी सहित विविध कार्यकम सहित मनाई आएको ।

१२.३ सेप्टेम्बर २८ का दिनलाई International Day for Universal Access to Information दिवसकारुपमा उत्कृष्ट सूचना मागकर्ता र सूचनाका हकका अभियान्ताहरूलाई उत्प्रेरित गर्ने विविध कार्यकम सहित दिवस मनाई आएको ।

**१३. आयोगको पाँच बर्षे रणनीति पत्र जारी भएको :**

सूचनाको माग पक्षलाई सशक्त तुल्याउने, सूचना प्रवाह गर्ने आपूर्ति पक्षलाई उत्प्रेरित गर्ने र आयोगको क्षमता अभिबृद्धि गर्ने गरी तीन खम्बे रणनीति (Demand Side Empowerment, Supply Side Strengthing and Capacity Development) सहितको आयोगको पाँच बर्षे रणनीति पत्र जारी भएको छ । यो रणनीति पत्र सन् २०१६-२०२० को लागि तयार भएको हो ।

**१४. स्वतन्त्र आयोगको लोगो निर्माण :**

राष्ट्रिय सूचना आयोग एक स्वतन्त्र निकाय हो । यस स्वतन्त्रताको पहिचानलाई थप मजबूत पार्न आयोगले आफ्नो छुट्टै लोगो तयार गरी प्रचलनमा ल्याएको छ । यस लोगोमा परेवा र शंखलाई सूचनाको प्रतिक मान्नुका साथै पारदर्शिताका लागि तिनको पानीमा छायाँ देखाईएको छ । साथै यस लोगोमा चन्द्र सूर्य सहित नेपाली र अंग्रेजी भाषामा आयोगको नाम लेखिएको छ ।

**१५. नेपाल र बंगलादेशको आयोगबीच MOU सम्पन्न :**

राष्ट्रिय सूचना आयोग र बंगलादेशको सूचना आयोगबीच आपसमा सहयोगको आदान-प्रदान गर्ने गरी समझदारी पत्रमा हस्ताक्षर भएको छ। सात बुँदामा तयार भएको समझदारी पत्रको कार्यान्वयन गर्ने कार्ययोजना समेत तयार गरी दुवै आयोग सहकार्यका लागि प्रतिबद्ध भएका छन् ।

**१६. PDMS र MIS प्रणाली लागू गरेको :**

राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायले ३।३ महिनामा सार्वजनिक गर्नु पर्ने स्वतः प्रकाशनलाई सहजता प्रदान गर्न Proactive Disclosure Management System नामक सफ्टवेयर निर्माण गरी सूचना अधिकारी र कम्प्यूटर अधिकृतलाई व्यापकरुपमा तालीम समेत दिईरहेको छ । नागरिकलाई अनलाईन सूचना प्रवाह गर्न Management Information System नामक अर्को सफ्टवेयर तयार गरी प्रयोगमा ल्याईरहेको छ । यसबाट नागरिकले ईमेलबाट सूचना माग्ने र पाउने सुनिश्चितता प्रदान गरिएको छ ।

**१७. नेपालका क्रियाशील दातृ निकायसँग अन्तरक्रिया भएको :**

नेपालमा क्रियाशील दातृ निकायसँग आयोगले अन्तरक्रिया गरेको छ । यस्तो अन्तरक्रिया आयोगले नेपालको संवैधानिक र कानूनी व्यवस्थाबारे जानकारी गराई नागरिकको सूचनाको मौलिक हकको प्रचलनमा सबै पक्ष र क्षेत्रबाट सहयोग पुऱ्याउन आग्रह गरिएको छ । यस्मा दातृ समुदायको सकारात्मक टिप्पणी रहेको छ ।

**१८.	सबै जिल्लाको प्रतिनिधिसहित राष्ट्रिय सम्मेलन गरेको :**

राष्ट्रिय सूचना आयोगले बर्षेनी सबै जिल्लामा क्रियाशील सूचनाको हकका अभियान्ता, सञ्चारकर्मी, नागरिक समाजका अगुवा र सूचना अधिकारीको भेला गराई राष्ट्रिय सम्मेलन गर्ने अभ्यासको थालनी गरेको छ । साथै यस्तो राष्ट्रिय सम्मेलनले घोषणा पत्र जारी गर्ने कार्यको पनि आरम्भ भएको छ ।

**१९.	राज्यद्वारा प्रदान गरिएका महिलाका सुबिधा सम्बन्धी पुस्तिका प्रकाशन गरेको :**

राज्यले महिलालाई प्रदान गरेका प्रमुख २९ ओटा सुबिधा र छुटसम्बन्धी नमूना सूचना पुस्तिका प्रकाशित गरिएको छ । यो पुस्तिका अंग्रेजी भाषाको अतिरिक्त मैथली, थारु, डोटेली र तामाङ्ग भाषामा अनुवाद गरी बितरण गरिएको छ। साथै राष्ट्रिय भाषामा प्रकाशित पुस्तकका सामाग्री एफएमबाट प्रशारण समेत गरिएको छ ।

**२०.	विविध महत्वपूर्ण गतिविधिहरू :**

२०.१ राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूद्वारा समय समयमा सम्माननीय राष्ट्रपति र उपराष्ट्रपतिसँग भेटघाट गरी सूचनाको हकको प्रचलनका बिषयमा ब्रिफिङ्ग गरिएको ।

२०.२ सम्माननीय प्रधानमन्त्री, सम्माननीय प्रधानन्यायाधीश र सम्माननीय सभामुखलाई पनि नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका सन्दर्भमा आयोगका पदाधिकारीहरूबाट समय समयमा आवश्यक बिषयमा ध्यानाकर्षण गराईएको ।

२०.३ साबिकको व्यवस्थापिका-संसदको विकास समितिमा सूचनाको हकको अवस्थाबारे प्रस्तुतीकरण गरिएको ।

२०.४ आयोगले संविधान निर्माणका बखत सम्बन्धित समिति र कार्यदललाई सूचनाको हकका बिषयमा सुझाव प्रस्तुत गरेको ।

२०.५ राष्ट्रिय सूचना आयोगले जनतासँग प्रत्यक्ष सरोकार राख्ने पूँजिगत बजेट र कार्यक्रम सार्वजनिक गर्न विभिन्न १० ओटा मन्त्रालयमा लेखी पठाएको ।

२०.६ आयोगले पेट्रोलियम पदार्थको मूल्य हेरफेर भएका बखत तत्कालै आम जनतालाई सुसूचित गर्ने संयन्त्र निर्माण गरी आपूर्ति मन्त्रालय र नेपाल आयल निगममा लेखी पठाएको ।

२०.७ प्रेस काउन्सिल र इरिकन जस्ता निकायसँग सूचनाको हकको प्रचलन बढाउने सम्बन्धमा सहकार्य गरिएको ।

२०.८ आयोगले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई ३।३ महिनामा स्वतः प्रकाशन गर्न लगाउन, सूचना अधिकारी तोक्न र सूचना माग एवं प्रवाहको छुट्टै अभिलेख राख्ने गरी आदेश जारी गर्न पाउने गरी ३ बुँदे अधिकार प्रत्यायोजन गरेको ।

२०.९ आयोगले बर्षभरिमा सूचना मागको कार्यमा उत्कृष्टता प्रदान गर्ने सूचना मागकर्ता मध्ये ५ जना र उत्कृष्ट ढंगले सूचना प्रवाह गर्ने ५ जना सूचना अधिकारीहरूलाई जनही रु ३० हजारका दरले पुरस्कृत गर्ने गरेको ।

२०.१०आयोगले यस अबधिमा विभिन्न बिषयमा करिब तीन दर्जन पुस्तक/पुस्तिका प्रकाशन गरेको ।

२०.११ आयोगमा ७ ओटा प्रदेश हेर्ने गरी ७ जना उपसचिवको दरबन्दी थप भै प्रदेश डेक्स खडा भएको ।

**राष्ट्रिय सूचना आयोग**
देवीनगर, बानेश्वर-१०, काठमाडौं ।
फोन नं ०१-४४६४४१२, ४४९६५४४
फ्याक्स : ०१-४४९६५४५
इमेल : info@nic.gov.np वेबसाईट : www.nic.gov.np
Helpline:Audio Notice :1618070782426

मुद्रक : कोशी प्रिन्टिङ्ग प्रेस । बबरमहल, काठमाडौं । फोन नं. ४२२५६९६